प्रदेश सरकार

प्रदेश नं. २

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

## नक्टाझिज, धनुषा

## निजी, सार्वजनिक, सहकारीको साझेदारीमा टमाटर क्याचअप तथा फलफूल प्रशोधन उधोग स्थापना सम्बन्धी विस्तृत सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/ १२ /०४

यस निर्देशनालयको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ बमोजिम टमाटर क्याचअप तथा फलफूल प्रशोधन उधोग स्थापना गर्न प्रदेश नं २ का फलफुल/तरकारी प्रशोधन कार्यममा सलग्न सहकारी संस्था, निजी फर्म/उधमीले तोकिएको ढाँचामा तपसिल अनुसारका कागजातहरु संलग्न २०७७/१२/१८ गते कार्यालय समय भित्र यस निर्देशनालयमा आई पुग्ने गरी खामबन्दी आवेदन पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ ।सचालनमा रहेको वा नयाँ निमार्ण गर्ने उधोगलाई भौतिक संरचना लगायत मेसिनरी वा प्याकेजिङ् समानको मुल्यमा ५० प्रतिशत (अधिकतम रु पच्चिस लाख सम्म) अनुदान दिइनेछ।हाल यस कार्यक्रमको तिन वटा लक्ष्य रहेकोमा मांग र वजेट उपलब्धता अनुसार सो संख्या थप हुन सक्नेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताबहरु छनौट प्रकियामा समाबेश गरिने छैन तथा कुनै प्रस्तावहरु सम्पुर्ण स्वीकृत गर्ने, आंशिक स्वीकृत गरिने वा नगर्ने सम्पुर्ण अधिकार यस निर्देशनालयमा रहनेछ।यस सम्वन्धी विस्तृत जानकारी र प्रस्ताव पत्र यस निर्देशनालयवाट वा यसको वेवसाइट add.p2.gov.np र Android app DoadP2 वाट प्राप्त गन सकिन्छ ।

सलग्न गर्नुपर्ने कागजातहरु

१ रु.१०। को हुलाक टिकट टाँस गरेको प्रस्ताब पत्र ।

२ सहकारी संस्था, फर्म/उधमीको हकमा दर्ता तथा नविकरण गरेको प्रमाण पत्र र स्थायी लेखा नं. (पान)/भ्याट दर्ताको प्रतिलिपी, तथा सस्थाको हकमा संचालक समितीको निर्णय, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि, लेखा परिक्षण प्रतिबेदन तथा कर चुक्ता (पछिल्लो २ आ.व. सम्मको) आ.व. २०७६/०७७ को कर चुक्ता नभएको हकमा आ.व. २०७५/०७६ को कर चुक्ता र कर बुझाउने म्याद थप भएको स्व. प्रमाणित प्रतिलिपीहरू ।

३ लागत साझेदारी विवरण (कम्ती ५० प्रतिशत हुनुपर्ने) र लगानीका श्रोत खुल्ने कागजातहरु पेश गनुपर्नेछ ।

४ प्रसोधन उधोगलाई आवश्यक पर्ने भौतिक पुर्वाधारको ईन्जिनियरिङ्ग डिजाईन र ईस्टिमेछ, उत्पादन वा प्याकेजिगमा सहयोग गर्ने मेसिनरी समानहरुको विवरण पेश गर्नुपछ । पहिले उत्पादन गरिरहेको भए उत्पादन/ विक्री गरेको रेकर्डको प्रतिलिपीहरूसमेत पेश गर्नु पर्नेछ ।

५ सहकारीको हकमा सहकारीको बिधान, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी, हाल साल खिचेको प्रष्ट फोटो, सम्पर्क नं. र तिन पुस्ते विवरण ।

६ प्रस्तावित स्थलमा टमाटर क्याचअप तथा फलफूल प्रशोधन उधोग निर्माण गर्नुको आवश्यकता र औचित्य खुलेको सम्वन्धित कृषि ज्ञान केन्द्र सिफारिश पत्र ।

७ परेका प्रस्तावहरु कार्यालयमा खोलिएपछि कागजातहरु अध्यन्न तथा स्थलगत अध्यन्न निरीक्षण गरी मुल्यांकन पश्चात छनौट गरिनेछ, प्रस्तावहरु खोलिने मिति, स्थान र समय यस निर्देशनालयवाट पछि सूचना प्रकाशनद्धारा जानकारी गराईन्छ ।

- दर्ता भएका प्रस्तावहरु कार्यालयमा खोली कागजातहरु अध्ययन तथा स्थलगत निरीक्षण गरी मुल्यांकन पश्चात छनौट गरिनेछ। प्रस्तावहरु खोलिने मिति, स्थान र समय यस निर्देशनालयवाट पछि सूचना प्रकाशन गरी जानकारी गराईनेछ ।
- थप जानकारीको लागी यस निर्देशनालयका कृषि अर्थ विज्ञ श्री विकाश कुमार साह (मो.न. ९८४५२२५४३९) वा प्राविधिक सहायक श्री गौरीशंकर ठाकुर (मो.न. ९८१९७०७१११) लाई सर्म्पक गर्नु हुन अनुरोध छ । ।

.........................

डा. रत्न कुमार झा

नि.प्रमुख